**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ८४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत २७ गते शुक्रबार ❑ 10 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## राष्ट्र सेवामा समर्पित हुनुस्: प्रधानमन्त्री शाह

**रासस**
काठमाडौं, २६ चैत

प्रधानमन्त्री वालेन्द्र शाहले नेपाली सेनाका नवआयुक्त अधिकृतहरूलाई कर्तव्यनिष्ठ, अनुशासित र जिम्मेवार भएर राष्ट्र सेवामा समर्पित हुन आग्रह गर्नुभएको छ।

भक्तपुरको खरिपाटीस्थित नेपाली सैनिक प्रतिष्ठानमा बिहीबार आयोजित अधिकृत क्याडेट तालिमको आयुक्त पद प्रदान कवाज समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री शाहले करिब ३६ महिनाको कठिन प्रशिक्षण सफलतापूर्वक पूरा गरी अधिकृत पद प्राप्त गर्न सफल क्याडेटहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभएको हो।



प्रधानमन्त्री शाहले मातृभूमि र जनताप्रति पूर्ण समर्पित भएर आफ्नो जिम्मेवारी निर्वाह गर्न आग्रह गर्दै सैनिक आचरण, चेन अफ कमान्ड र अनुशासनको दायराभित्र रही सदैव आफ्नो कर्तव्यप्रति सजग रहनुपर्नेमा जोड दिनुभयो। फरक सामाजिक पृष्ठभूमिका जवानहरूको नेतृत्व गर्दै एकीकृत र सक्षम टोली निर्माण गर्न नवआयुक्त अधिकृतहरू सफल हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

सो समारोहमा प्रधानमन्त्री शाहले उत्कृष्ट अधिकृत क्याडेटहरूलाई श्रेष्ठताको प्रतीक खुकुरी तथा छडी प्रदान गर्नुभयो। प्रधानमन्त्री शाहको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा १८३ अधिकृत क्याडेटहरूले आयुक्त पद प्रदान कवाज प्रदर्शन गरेका थिए। सोही अवसरमा प्रधान सेनापति महारथी अशोकराज सिग्देलले मित्रराष्ट्र केन्या र जाम्बियाबाट तालिममा सहभागी तीन शिक्षार्थी अधिकृत क्याडेटलाई 'नेपाली मिलिटरी एकेडेमी मेडालियन' प्रदान गर्नुभयो। नेपाली सैनिक प्रतिष्ठानबाट हालसम्म अधिकृत क्याडेट तथा पदिक र बिल्लादार अधिकृत क्याडेट गरी ६ हजार ७३४ जना तथा एक हजार ६०८ प्राविधिक अधिकृतहरूले सफलतापूर्वक तालिम पूरा गरिसकेका छन्।

सन् २०१२ देखि विदेशी शिक्षार्थीहरूसमेत सहभागी गराइ तालिम सञ्चालन हुँदै आएकामा हालसम्म विभिन्न राष्ट्रका ३२ विदेशी शिक्षार्थीहरूले तालिम सम्पन्न गरिसकेका छन्। समारोहमा नवआयुक्तअधिकृतहरूलाईअभिभावक तथा आफन्तजनहरूले सुशोभन गरेका थिए।

## उपसभामुखमा लामा र ठाकुरको उम्मेदवारी

**रासस**
काठमाडौं, २६ चैत

प्रतिनिधिसभाको उपसभामुखका लागि राष्ट्रिय प्रजातन्त्र पार्टीबाट सरस्वती लामा र श्रम संस्कृति पार्टीबाट रुवीकुमारी ठाकुरको उम्मेदवारी दर्ता भएको छ।

लामाको प्रस्तावकमा ज्ञानबहादुर शाही तथा समर्थकमा ताहिर अलि भाट, खुस्बु ओली र भरत गिरी रहनुभएको छ भने ठाकुरको प्रस्तावकमा आरेन राई तथा समर्थकमा अशोककुमार चौधरी र अम्बिकादेवी सङ्ग्रौला रहनुभएको सङ्घीय संसद् सचिवालयले जनाएको छ। सचिवालयको कार्यतालिकाअनुसार बिहीबारबिहान ११



बजेदेखि २:०० बजेसम्म सभा कुनै सदस्यलाई उपसभामुख पदमा निर्वाचित गरियोस् भनी प्रतिनिधिसभा नियमावली, २०७९ को नियम ८ को उपनियम (२) बमोजिमको प्रस्तावको सूचना दर्ता गर्न समय निर्धारण गरिएको थियो। दर्ता भएका उम्मेदवारीको सूचनालाई दर्ता क्रमअनुसार सूची प्रकाशन गर्न २:३० बजेको समय तोकिएको छ। उम्मेदवारका प्रस्तावकले प्रस्ताव र समर्थकले समर्थन गरी उम्मेदवारीको सूचनामाथि यही



चैत २७ गते दिउँसो ४ बजे हुने सभाको बैठकमा छलफल भई निर्णयार्थ प्रस्तुत गरिनेछ। संविधानतः सभाको सभामुख र उपसभामुखमा फरक राजनीति दल र फरक लिङ्गबाट प्रतिनिधित्व हुने व्यवस्था रहेको छ। गत फागुन २१ गतेको निर्वाचनपछि भएको प्रतिनिधिसभाको पहिलो अधिवेशनअन्तर्गत यही चैत २२ गतेको बैठकबाट सभामुखमा राष्ट्रिय स्वतन्त्र पार्टीबाट डोलप्रसाद अर्याल निर्विरोध निर्वाचित हुनुभएको थियो।

## श्रममन्त्रीलाई पदमुक्त गर्ने प्रधानमन्त्रीको निर्णय

**रासस**
काठमाडौं, २६ चैत

प्रधानमन्त्री वालेन्द्र शाहले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहलाई पदमुक्त गर्नुभएको छ।

प्रधानमन्त्रीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सिफारिसअनुसार बिहीबार साहलाई पदबाट हटाउने निर्णय गर्नुभएको हो।

लामो समयदेखि निष्क्रिय अवस्थामा राखिएकी स्वास्थ्य बिमा बोर्डको सदस्य रहेकी मन्त्री साहकी श्रीमतिलाई साह मन्त्री भएपछि पदीय मर्यादाको दुरुपयोग गरी पुनः नियमित काममा सक्रिय गराएको भन्दै रास्वपाले बिहीबार नै कारबाहीका लागि प्रधानमन्त्री समक्ष सिफारिस गरेको थियो।

बुधबार नै रास्वपाको केन्द्रीय अनुशासन आयोगले अध्ययन गरी साहलाई कारबाही गर्नुपर्ने पार्टीसमक्ष पेस गरेको थियो। रास्वपाले साहको यो गतिविधिबाट पार्टीको छवि, आर्दश, सिद्धान्त र मर्यादामाथि आँच आउने देखिएको निष्कर्षसमेत निकालेको थियो। यसैकाआधारमाप्रधानमन्त्रीशाहले श्रममन्त्री साहलाई पदमुक्त गरेको प्रेस विज्ञ दीपा दाहालले जानकारी दिनुभयो।

रास्वपाले पार्टी विधानको धारा २५ (४) (क) ले पार्टी सभापतिलाई पार्टीको आदर्श, सिद्धान्त र मर्यादामाथि आँच आउन नदिन जिम्मेवारी सुम्पेको र पदको दुरुपयोग भएको अवस्थामा विधानको धारा ६९ मा पार्टीले जिम्मेवारीबाट फिर्ता बोलाउन (राईट टु रिकल) सक्ने व्यवस्था भएकाले मन्त्री साहलाई जिम्मेवारीबाट अलग गर्न सिफारिस गरिएको थियो।

साथै पार्टीले यस्तो गम्भीर विषयमा आफ्नो जिम्मेवारीमा अपेक्षित गम्भीरता नदेखिएकाले स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री निशा मेहतालाई सचेत गराउन प्रधानमन्त्री शाहसमक्ष सिफारिस गरेको थियो। त्यसका आधारमा प्रधानमन्त्री शाहले मन्त्री मेहतालाई सचेत गराइ सक्नुभएको जनाइएको छ।

## पूर्वसभामुख महरासहित २८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**रासस**
काठमाडौं, २६ चैत

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्रिभुवन अन्तर्राष्ट्रिय भन्सार कार्यालयबाट इलेक्ट्रिक सिगरेट (भेप) भित्र अवैध सुन राखी सुन तस्करी गरेको प्रकरणमा पूर्वसभामुख कृष्णबहादुर महर ासहित २८ जना विरुद्ध आज विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगले महरासँगै विमानस्थल भन्सार कार्यालयका तत्कालीन प्रमुख भन्सार प्रशासक अरुण पोखरेल, प्रमुख भन्सार अधिकृत मुक्तिप्रसाद श्रेष्ठ, प्रमुख भन्सार अधिकृत अम्बिकाप्रसाद खनाल, भन्सार अधिकृतहरु रमेशकुमार खतिवडा र सुवेन्द्र श्रेष्ठ, नायब सुब्बाहरु सुवर्णाप्रभा केसी, भुवनराज घिमिरे, उमेशप्रसाद कोईराला, रेवन्त खड्का र मधुसुदन पोखेलविरुद्ध मुद्दा दायर गरेको हो।

सोही प्रकणमा 'राहुल' भन्ने रेशम महरा, निर्मलकुमार विक, लोकेन्द्रकुमार पौडेल, दिपेश बस्नेत, गोपाल सुवेदी, दिनेश बस्नेत, वेदप्रकाश अग्रवाल, राम केशव थापा क्षेत्री, अमृत कार्की, निमा गुरुङ, प्रेरणा थापा, ललिता थापा, दिपिका थापा, चिनियाँ नागरिक ली हाङ सोङ र दाओजिङ वाङ, बेल्जियम नागरिक दावा छिरिङ र भारतीय नागरिक साहेव रावविरुद्ध मुद्दा दायर भएको आयोगका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिनुभयो।

आयोगले उहाँहरुविरुद्ध जनही सात करोड ७८ लाख ६८ हजार ९५ रुपैयाँ १० पैसा बिगो मागदाबी गरेको छ।

## 'पोखरा ओपन एथलेटिक्स मिट' शनिबारदेखि

**पोखरापत्र संवाददाता**
पोखरा, २६ चैत

कास्की जिल्ला एथलेटिक्ससङ्घकोआयोजनामा शनिबारदेखि दोस्रो संस्करणको 'पोखरा ओपन एथलेटिक्स मिट-२०२६' सञ्चालन हुने भएको छ। पोखरा रङ्गशालामा हुने उक्त प्रतियोगिताको तयारी पूरा भएको सङ्घद्वारा बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो।

तीन दिनसम्म चल्ने उक्त प्रतियोगितामा देशभरबाट करिब तीन सय खेलाडी सहभागी हुने सङ्घका सचिव एवं प्रतियोगिता संयोजक सिद्धान्त अधिकारीले जानकारी दिए। प्रतियोगितामा सातै प्रदेशका खेलाडीसहित विभागीय टोली नेपाल आर्मी, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका खेलाडी सहभागी हुने छन्। 'पोखरा ओपन एथलेटिक्स मिट' तर्फ पुरुष र महिला गरी जम्मा ३० विधामा प्रतिस्पर्धा हुने बताइएको छ। सोही अवसरमा नेपाल एथलेटिक्स सङ्घको आयोजना र कास्की जिल्ला एथलेटिक्स सङ्घको समन्वयमा चौथो संस्करणको 'यू-२० नेशनल एथलेटिक्स मिट-२०२६' सञ्चालन गरिने भएको छ। सो प्रतियोगितामा पुरुष र महिला गरी २४ विधामा प्रतिस्पर्धा हुनेछ। यस प्रतियोगितामा सातै प्रदेशबाट १० पुरुष र १० महिला गरी एक सय ४० खेलाडी तथा १४ प्रशिक्षक/व्यवस्थापकसहित एक सय ५४ जनाको सहभागिता रहने जनाइएको छ।

'पोखरा ओपन एथलेटिक्स मिट-२०२६' तथा 'यू-२० नेशनल एथलेटिक्स मिट-२०२६' तर्फ प्रत्येक विधामा प्रथम, द्वितिय र तृतीय हुने खेलाडीलाई मेडल, प्रमाणपत्र तथा नगद पुरस्कार प्रदान गरिनेछ। सङ्घका अध्यक्ष गजबहादुर गुरुङले 'पोखरा ओपन एथलेटिक्स मिट-२०२६' का लागि रु १६ लाख र 'यू-२० नेशनल एथलेटिक्स मिट-२०२६' का लागि रु २२ लाख खर्च हुने अनुमान गरिएको बताउनुभयो।

**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति**
**पोखरा महानगरपालिका वडा नं. १२/१३**
कुँडहर, कास्की, फोन नं.: ०६१-५७५९०७


**सूचना सहितको विशेष अनुरोध !**

यस **धार्मिक संस्था श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति कुँडहर, पोखरा-१२/१३ को १० औं अधिवेशन सहित १९ औं वार्षिक साधारण सभा यही मिति २०८२ साल चैत्र महिनाको २८ गते शनिबार बिहान १०:३० बजे** भद्रकाली मन्दिर परिसरमै आयोजना हुन गइरहेकाले यस संस्थाका सम्पूर्ण आजीवन तथा साधारण सदस्य सभासद् ज्यूहरु सहित भद्रकाली मन्दिरलाई माया गर्ने चिन्ने जान्ने छिमेकी सबै सर्वसाधारण महानुभाव ज्यूहरु लगायत उक्त कार्यक्रमसँग सम्बन्धित सबैलाई निमन्त्रणा पठाइसकिएको छ। निमन्त्रणा पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधारमानी कार्यक्रममा उपस्थितका लागि हार्दिक अनुरोध गर्दछौं।

**कालीमाताले हामी सबैको कल्याण गरुन्।**

**योगेन्द्रमान श्रेष्ठ**
*अध्यक्ष एवं*
**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**
**कुँडहर, पोखरा-१२/१३**

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# चौथो एबीसी राष्ट्रिय एट ए साइड ४५ प्लस भेट्रान्समा क्वाटर फाइनलका खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

पोखरा रंगशालामा जारी चौथो एबीसी राष्ट्रिय एट ए साइड ४५ प्लस भेट्रान्स फुटबल प्रतियोगितामा क्वाटर फाइनल अन्तर्गतका खेलहरु सम्पन्न भएका छन।

क्वाटर फाइनल अन्तर्गतको पहिलो खेलमा बौद्ध भेट्रान्स र लेकसाइड भेट्रान्स बीचको खेल निर्धारित समयमा १-१ गोलको बराबरी हुँदा टाइब्रेकरमा २-१ गोल अन्तरले बौद्ध भेट्रान्सले लेकसाइडलाई पराजित गर्दै क्वाटर फाइनलमा प्रवेश गरेको हो।

उक्त खेलमा बौद्ध भेट्रान्सका रुपक बस्नेत म्यान अफ दी म्याच घोषित भए। दोस्रो क्वाटर फाइनलमा जोरपाटी भेट्रान्सले फ्रीडम फाइटर भेट्रान्सलाई १-० गोलले पाखा लगाउदै



सेमी फाइनलको यात्रा तय गर्यो। उक्त खेलमा जोरपाटीका लागि निर्णायक गोल गर्ने खेलाडी गौतम लामा म्यान अफ दी म्याच घोषित भए। तेस्रो खेलमा एबीसी र हेटौडा भेट्रान्स बीच भएको खेल निर्धारित समयमा गोल हुन नसकेपछि टाइब्रेकरमा एबीसीले हेटौडालाई ३-१ गोल अन्तरले पराजित गर्दै सेमी फाइनलमा प्रवेश गर्यो । उक्त खेलमा एबीसीका गोल रक्षक सूर्य प्रसाद शर्मा म्यान अफ दी म्याच घोषित भए । अन्तिम खेल बगर भाइखलक र बानेश्वर फ्रेन्डसिप भेट्रान्स बीच निर्धारित समय गोल रहित बनेपछि टाइब्रेकरमा बगर भाइखलकले बानेश्वर फ्रेन्डसिपलाई ३-२ गोल अन्तरले पराजित गर्दै सेमी फाइनलको यात्रा सुरक्षित गर्यो।

उक्त खेलमा बगर भाइखलकका कृष्ण राइभाट म्यान अफ दी म्याच घोषित भए।

प्रतियोगितामा पहिलो सेमी फाइनल एबीसी र बौद्ध भेट्रान्स र दोस्रो खेल जोरपाटी भेट्रान्स र बगर भाइखलक बीच हुने आयोजक एबीसी क्लबका सचिव विजय घिमिरेले जानकारी दिएका छन् । दुईवटै सेमिफाइनलको बिजेता बिच शुक्रबार दिनको १ बजे फाइनल खेल सम्पन्न हुने सचिव घिमिरेले जानकारी दिए। फाइनल खेल हेर्नका लागि पोखराका सम्पूर्ण खेलप्रेमीहरुमा निमन्त्रणा समेत दिएका छन।

प्रतियोगिताको विजेताले नगद एक लाख पच्पन्न हजार पाँच सय पच्पन्न सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले सतहत्तर हजार सात सय सतहत्तर सहित, शिल्ड, मेडल र प्रमाणपत्र पाउने प्रतियोगिता संयोजक मनकाजी गुरुङले जानकारी दिए।



मानुङकोटमा आन्तरिक पर्यटक : तनहुँको व्यास नगरपालिका-५ मा रहेको मानुङकोटको दृश्य अवलोकन गर्दै आन्तरिक पर्यटक। मानुङकोट पछिल्लो समय आन्तरिक पर्यटकको केन्द्र बनेको छ। तस्बिर : कृष्ण न्यौपाने/ रासस

# पोखरा-मुग्लिन सडक: पश्चिम खण्डमा १२ पुल निर्माण सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

पोखरा-मुग्लिन सडक आयोजनाको पश्चिम खण्डमा १२ वटा पुल निर्माण सम्पन्न भएको छ। पोखराको सेती पुल भने निर्माणाधीन छ।

उक्त पुलको भौतिक प्रगति ५८.३७ प्रतिशत पुगेको आयोजनाको पश्चिम खण्डका प्रमुख कृष्णबहादुर कुँवरले जानकारी दिनुभयो । आकर्षक डिजाइनमा बन्ने उक्त सिग्नेचर पुल रसुवा कन्स्ट्रक्सनले निर्माण गरिरहेको छ । 'केबल-स्टेड' प्रविधिको उक्त पुलमा जग र टावर निर्माण पूरा भइसकेको प्रमुख कुँवरले बताउनुभयो। गत भदौमा तीनवर्षे ठेक्का अवधि सकिएपछि पुल निर्माणका लागि आगामी वैशाखसम्म म्याद थप भएको छ। पोखरा-मुग्लिन सडकको पश्चिम खण्डअन्तर्गत तनहुँको म्याग्देखोला, कुम्लेखोला, ठाडेखोला,सम्धीखोला,मूलखोला, फेदीखोला-१, फेदीखोला-२, रुदीखोला, हलेदीखोला, कालीखोला,कास्कीकोकोत्रेखोला र विजयपुर खोलामा पुल निर्माण सकिएको हो।

पचास वर्षअघि बनेको पृथ्वी राजमार्गअन्तर्गतको पोखरा-मुग्लिन सडक विसं २०७८ वैशाखदेखि विस्तार तथा स्तरोन्नति सुरु गरिएको थियो । गण्डकी प्रदेशको 'लाइफलाइन'का रुपमा रहेको उक्त सडकको पूर्वी खण्ड (जामुने-मुग्लिन)को काम सकिएको छ। कास्कीको सेती पुलदेखि तनहुँको जामुने जोड्ने पश्चिम खण्डमा पनि सडक विस्तार तथा स्तरोन्नति अन्तिम चरणमा पुगेको छ।

पश्चिम खण्डका प्रमुख कुँवरका अनुसार सडकतर्फको भौतिक प्रगति ७७.४७ प्रतिशत र वित्तिय प्रगति ६२.२० प्रतिशत पुगेको छ। कुल ३८.७१ किमी दूरीको उक्त खण्डमा हालसम्म ३७.२८ किमीमा दोस्रो चरणको कालोपत्र भइसकेको छ । कुल ३६.३२ किमिको सर्भिस लेनमा हालसम्म १७.६६ किमी कालोपत्र भइसकेको छ।

# बेरोजगार दिदीबहिनीका मनखुशीमा व्यवहारिक तालिम

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

दाजु, हाम्रो समाजमा धेरै दिदीबहिनी बेरोजगार छन्, उनीहरूलाई व्यवहारिक तालिम दिनुपर्छ, भन्दै अनुरोध गरिन कृष्णकुमारी गुरुङले।

भावनात्मक ओतप्रोत बोकेको एउटा फोन कलले कर्णेल नरबहादुर गुरुङको मन छोयो फोन गर्ने हुन उनकै आफ्नै बुहारी कृष्णकुमारी । सामान्य पारिवारिक संवादजस्तो लाग्ने यो कुराकानीले समाज रूपान्तरणको एउटा सकारात्मक पहलको सुरुआत गर्‍यो । बुहारी हुन मनखुशी फाउण्डेशन कास्कीकी अध्यक्ष।

समाजमा महिलाहरूको बढ्दो बेरोजगारी र त्यसले निम्त्याउने आर्थिक तथा सामाजिक समस्यालाई नजिकबाट बुझेकी बुहारीले व्यवहारिक सीपमूलक तालिमको आवश्यकता औंल्याएकी थिइन् । उनको अनुरोधलाई कर्णेल गुरुङले सहज रूपमा स्वीकार गरे। यसले परिवार भित्रको समझदारी र सामाजिक उत्तरदायित्वबीचको सशक्त सम्बन्धलाई उजागर गर्‍यो।

यसै सन्दर्भमा हालै कर्णेल गुरुङको श्रीमती नुनु गुरुङले ब्यानरमा लेखिएको पढेर उद्घाटन गर्दै कार्यक्रमको औपचारिक सुरुआत गरेकि थिइन्। उद्घाटन क्रममा उनीहरूले यस्तो प्रकारका तालिमहरूले महिलाहरूलाई आत्मनिर्भर बनाउने र समाजमा




सकारात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गरे। कार्यक्रमले बेरोजगार दिदीबहिनीहरूलाई लक्षित गरी व्यवहारिक सीप विकासमा जोड दिएको नुनुले भनिन्। भनिन्छ, "हातमा सीप हुनेहरू कहिल्यै भोको बस्नु पर्दैन।" यही भनाइलाई चरितार्थ गर्दै मनखुशी फाउण्डेशन कास्की बाँझापाटन, पोखरा-१३ले आयोजना गरेको एक महिने हस्तकला तालिमले स्थानीय सहभागीहरूमा नयाँ उत्साह र आत्मविश्वास भरेको छ। एक महिना अघिसम्म फुर्सदको समय कसरी कटाउने भन्ने चिन्तामा रहेका महिलाहरू अहिले काँटी, धागो र सिर्जनासँग खेल्न व्यस्त छन्।

यस तालिमलाई सफल बनाउन तीन जना अनुभवी प्रशिक्षकहरू– हरिदेवी गुरुङ, आशा गुरुङ र देउमाया गुरुङले अहोरात्र खटिएर आफ्नो सीप हस्तान्तरण गरे। प्रशिक्षकत्रयको फरक-फरक कार्यशैली र दक्षताले सहभागीहरूलाई सिक्न झन् सहज बनायो । यी तीनै जना प्रशिक्षकको सरल स्वभाव र सिकाउने शैलीले गर्दा सहभागीहरू तालिम अवधिभर निकै उत्साहित देखिए।

तालिममा सहभागी महिलाहरू अहिले निकै खुसी छन् । सहभागी मध्येकी एक भन्छिन्, 'सुरुमा त मलाई लाग्थ्यो कि यो निकै गाह्रो होला, तर हरिदेवी, आशा र देउमाया गुरुङ म्यामहरूले यति सजिलो गरी सिकाउनुभयो कि अहिले हामी आफैँले सुन्दर हस्तकलाका सामान बनाउन सक्ने भएका छौँ ।' मनखुशी फाउण्डेशन कास्की बाँझापाटन, पोखरा-१३का अध्यक्ष कृष्णकुमारी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा बाल कल्याण हाइ स्कुलका प्रिन्सिपल षडानन्द गौतम, पोखरा विश्वविद्यालयका उपप्रध्यापक युवराज त्रिपाठी, कमलपोखरी टोल विकास संस्थाका उपाध्यक्ष सु.प्रेमवहादुर गुरुङ, मनखुशी फाउण्डेशन प्रदेशका अध्यक्ष काशी गुरुङ, उपाध्यक्ष कमल सुनार, प्रशिक्षक आशा गुरुङ र सहभागीको तर्फवाट उमा गुरुङ लगायत वोलेको कार्यक्रममा फाउण्डेशन कास्कीकी सदस्य पुर्णकुमारी गुरुङले स्वागत र सचिव रेखा गुरुङ त्रिपाठीले संचालन गरेकी थिइन्।

# आलु महोत्सव शुक्रबारदेखि

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

राष्ट्रिय हेमजा आलु महोत्सव शुक्रबारदेखि सुरु हुँदैछ । महोत्सवको सम्पूर्ण तयारी पूरा भएको छ । यही वैशाख ५ गतेसम्म संचालन हुने १४ औं संस्करणको महोत्सवको पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले उद्घाटन गर्ने कार्यक्रम छ।

महोत्सव सुरु हुनुपुर्व हेमजा स्थित विष्णुपादुका माईस्थानबाट बाजा गाजा सहित झाँकी ऱ्याली निकालिने छ । उक्त ऱ्याली मिलनचोक, साझाचोक हुँदै महोत्सव स्थल विष्णुपादुका खेलमैदान प्रवेश गर्ने कार्यक्रम रहेको महोत्सव मूल आयोजक समितिका संयोजक समेत रहेका आयोजक विष्णुपादुका क्लवका अध्यक्ष वसन्तकुमार श्रेष्ठले जानकारी दिए । महोत्सवमा आलुको परिकारको एउटा स्टल,



३० वटा कृषि स्टल तथा अन्य विभिन्न सय वटा व्यापारीक स्टल रहनेछन् । महोत्सव प्रवेशका लागि साधारणतर्फ रु.१ सय तथा विद्यार्थीलाई परिचयपत्रका आधारमा ५० रुपैयाँमा टिकट व्यवस्था गरिएको छ । त्यहाँ प्रतिकेजी रु.३५ मा आलुको कारोवार हुनेछ।

महोत्सव अन्तर्गत आलु तथा ताजा तरकारीको बृहत प्रदर्शन, आलुको ठुलो पहाड निर्माण, आलुका विभिन्न परिकार, कृषकका लागि माटो, वोट विरुवा, परीक्षण तथा रोक निधान, कृषक र कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम हुनेछन् । त्यस्तै कृषि झाँकी प्रतियोगिता, चर्चित कलाकारका प्रस्तुति लगायत विभिन्न कृषि उपज विउ विजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी लगायतका गतिविधि पनि संचालन गरिने आयोजक विष्णुपादुका क्लवले जनाएको छ।

सदाझैं यसपटक पनि महोत्सवमा "सुन्दर ठाउँ हेमजा जाउँ, आलुका स्वादिष्ट परिकार खाउँ, आलु एक परिकार अनेक" नारालाई अगाडि सारिएको छ ।

हेमजाको कुल १३ हजार ५ सय हेक्टर क्षेत्रफल मध्ये ५ सय ९० हेक्टरमा आलु खेती गरिदै आएको छ। यस खेतीमा त्यहाँका करिव २ हजार घरपरिवार आधारित रहे पनि १ हजार ५० कृषकले व्यवसायिक आलु खेती गर्दै आएका छन्।

जसको प्रति रोपनी औसत उत्पादन लागत रु.१८ हजार ५ सय ९७ पर्ने र औसत उत्पादन ७ सय ९ केजी हुने गरेको उल्लेख छ।

# शिक्षाको गुणस्तर सुधार्न घरदैलोमा शिक्षक

पोखरापत्र संवाददाता
तनहुँ २६, चैत

शिक्षाको गुणस्तर सुधार्न यहाँको व्यास नगरपालिका-४ स्थित बेदव्यास प्राथमिक विद्यालयका शिक्षकहरु अभिभावकको घरदैलोमै पुग्न थालेका छन्।

घरदैलोमै पुगेर उनीहरुले अभिभावकलाई विद्यालयको शैक्षिक सुधारबारे सुझाव सङ्कलन गर्न थालेका हुन् । शैक्षिक सत्र २०८३ को भर्ना अभियानअन्तर्गत चुरेखोल्सी टोलमा आयोजना गरेको घरदैलो तथा सर्वेक्षणका क्रममा अभिभावकहरूले पछिल्लो समय विद्यालयको सुधारप्रति खुसी व्यक्त गरेका छन् । स्थानीय अभिभावक तुलसीप्रसाद पौडेलले निजी विद्यालयलेझैँ सुविधा र शैक्षिक वातावरण सरकारी विद्यालयले दिन थालेपछि सन्तानलाई त्यहीँ भर्ना गर्ने मनस्थिति बनाएको बताउनुभयो। "विद्यालय प्रशासन आफैँ घरमा आएर गुणस्तरीय शिक्षा र सेवाको ग्यारेन्टी लिने प्रतिबद्धताले अभिभावकहरूमा विश्वास बढेको छ", उहाँले भन्नुभयो । सोही वडाकी वडा सदस्य गौकुमारी न्यौपानेले वडाको तर्फबाट यातायातको सुविधा उपलब्ध गराउन पहलकदमी थालिने बताउनुभयो।


## टन्सिलका लक्षण:

◆ घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने,
◆ घाँटीभित्र कहिलेकाहीं सेतो दाग वा पिप देखिने,
◆ बोल्दा आवाज बदलिने वा करकराउने,
◆ खाना निल्न गाह्रो हुने,
◆ शरीर दुख्ने र थकान महसुस हुने,
◆ श्वास फेर्दा दुर्गन्ध आउने,
◆ कहिलेकाहिँ वाकवाकी लाग्ने वा पेट दुख्ने टन्सिलका लक्षण हुन सक्छन्,

यस्ता लक्षण देखिएमा चिकित्ससंग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

**सम्पादकीय**

# सरकारको कच्चा कामले ओली लेखक जमानीमा रिहा

वालेन्द्र शाह नेतृत्वमा नवगठित सरकारले सपथग्रहण गरेको २४ घण्टा नपुग्दै पक्राउ परेका पुर्व प्रधानमन्त्री केपी शर्मा ओली र पुर्व गृहमन्त्री रमेश लेखक जमानीमा रिहा भएका छन। भदौ २३ र २४ को जेन-जी आन्दोलनको जाँचबुझ प्रतिवेदन प्रतिवेदनको सिफारिसलाई देखाएर पक्राउ परेका ओली र लेखक मुद्दा नचली जिम्मा जमानीमा छुटेका छन् ।

उनीहरूविरुद्ध ज्यानसम्बन्धी कसुरमा मुद्दा चलाउन पर्याप्त प्रमाण नभएपछि १३ दिनमै छुटेका हुन् । उनीहरुको बयान कागजबाहेक कुनै पनि प्रमाण प्रहरीले जुटाउन सकेको थिएन । न त कुनै जाहेरी नै दर्ता भएको थियो । ‘छानबिन प्रतिवेदन आफैँमा जाहेरी हो’ भन्ने अर्थ लगाएर मुद्दा चलाउन खोजिएको थियो । तर, त्यस्तो मानकलाई अभियोजनकर्तादेखि न्यायालयसम्मले साथ दिएनन् । वालेन सरकारले कानूनी आधार र अभ्यासलाई नजरअन्दाज गर्दा यस्तो अवस्था आएको हो ।

त्यो प्रतिवेदन अनुसन्धानको थिएन, । छानबिनको थियो।, ‘छानबिनमा किटान गरिएका कुराकै आधारमा मुद्दा चल्न सक्दैन ।, त्यसलाई अध्ययन गरी सम्बन्धित निकाय (महान्यायाधिवक्ता) ले मुद्दा चल्ने अंगका रूपमा विकास गर्नुपर्छ । प्रतिवेदनमा व्यक्तिहरूमाथि लगाइएको आरोप वा सिफारिस गरिएका कारवाहीलाई कानूनको दायरामा नल्याइ, मुद्दा चलाउन आवश्यक विषयको अनुसन्धान वा अभियोजन नगरी हचुवाको भरमा चल्न खोज्दा सरकारको काम कच्चा देखिएको छ । प्रहरी हिरासतमा राखेर अनुसन्धान गर्नका निम्ति २५ दिनको अधिकतम समयसीमा भएको ज्यान मुद्दामा १२ दिनभित्रको अनुसन्धान प्रतिवेदन पेश गर्न वा त्यसो गर्न नसके जिम्मा जमानीमा छाड्न सर्वोच्च अदालतले आदेश दिएको थियो ।सरकारले प्रतिशोध लिएको व्यवहारले देखाएको छाआयोगको प्रतिवेदन एकपक्षीय र पुर्वाग्रह थियो भन्ने आरोप प्रतिवेदन कार्यान्वयनमा देखिएको छ। ओली-लेखक पक्राउ बालेन्द्र शाह नेतृत्वको सरकारका लागि ठूलै झट्का हो। उनीहरूलाई जसरी पनि जेल हाल्ने अघोषित उद्देश्य सरकारले लिएको थियो ।

प्रधानमन्त्री शाहले ‘जेनजी आन्दोलनका दमनकर्ताहरुलाई ठीक पार्नसक्ने’ पात्रका रुपमा गृहमन्त्री सुधन गुरुङलाई रोजेका थिए । गुरुङको पहिलो प्राथमिकता नै ओली-लेखकलाई जेल हाल्ने थियो । तर, १३ दिनमै उनीहरू छुटेपछि सरकार तनावमा परेको छ ।राज्य संचालन गर्दा आग्रह र पुर्वाग्रह राखेर गरिने कामले सुरक्षा निकायलाई पंगु र कमजोर बनाउने काम गर्छ।यसबाट पाठ सिकेर सरकार बढी जिम्मेवार र संयम अपनाउन आवश्यक छ । ओली लेखकमाथि मुद्दा चलाउनै सरकार असमर्थ हुनुले गौरीबहादुर कार्की आयोगको प्रतिवेदन नै त्रुटिपूर्ण साबित भएको छ। प्रतिवेदनले ज्यान मुद्दा चलाउन सिफारिस गरिएका व्यक्तिविरुद्ध कुनै पनि प्रमाण भेटिएन । यसले प्रतिवेदन कति हावादारी र पूर्वाग्रही थियो भन्ने सावित हुने प्रहरी अधिकारीहरू नै बताउँछन् । ओली-लेखक पक्राउ बालेन्द्र शाह नेतृत्वको सरकारका लागि ठूलै झट्का हो । उनीहरूलाई जसरी पनि जेल हाल्ने अघोषित उद्देश्य सरकारले लिएको थियो । प्रधानमन्त्री शाहले ‘जेनजी आन्दोलनका दमनकर्ताहरुलाई ठीक पार्नसक्ने’ पात्रका रुपमा गृहमन्त्री सुधन गुरुङलाई रोजेका थिए । गुरुङको पहिलो प्राथमिकता नै ओली-लेखकलाई जेल हाल्ने थियो । तर, १३ दिनमै उनीहरू छुटेपछि सरकार तनावमा परेको छ ।राज्य संचालन गर्दा आग्रह र पुर्वाग्रह राखेर गरिने कामले सुरक्षा निकायलाई पंगु र कमजोर बनाउने काम गर्छ । यसबाट पाठ सिकेर सरकार बढी जिम्मेवार र संयम अपनाउन आवश्यक छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# अध्यक्ष ओली र नेता लेखक रिहा



**रासस**
काठमाडौं, २६ चैत

प्रहरी हिरासतमा रहनुभएका नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक रिहा हुनुभएको छ ।

काठमाडौं जिल्ला प्रहरी परिसर प्रमुख रमेश थापाले अध्यक्ष ओली र नेता लेखकलाई हाजिर जमानीमा थुनामुक्त गरिएको राससलाई बताउनुभयो ।

जेनजी आन्दोलनको घटनाको छानबिन गर्न गठित उच्चस्तरीय प्रतिवेदन कार्यान्वयन गर्ने सरकारको निर्णयका आधारमा नेपाल प्रहरीले अध्यक्ष ओलीलाई उहाँको निवास भक्तपुरको गुण्डु र लेखकलाई उहाँको निवास कटुञ्जेबाट यही चैत १४ गते नियन्त्रणमा लिएको थियो ।

अध्यक्ष ओलीलाई उपचारका लागि महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालमा राखिएको थियो । यसबीचमा अनुसन्धानका लागि जिल्ला अदालतबाट म्याद थप भई उहाँहरूलाई हिरासतमा राखिएकामा सर्वोच्च अदालतमा परेको बन्दी प्रत्यक्षीकरणको रिटमा पछिल्लो थपिएको म्याद अनुसन्धान पूरा गरी मुद्दा दर्ता गर्न वा रिहा गर्न आदेश भएको थियो । अध्यक्ष ओली र नेता लेखकका श्रीमतीहरू क्रमशः राधिका शाक्य र यशोदा लेखकले बन्दी प्रत्यक्षीकरणको रिट दायर गर्नुभएको थियो ।

# पूर्वकेन्द्रित बदली: चार जिल्लामा भारी वर्षा

**रासस**
काठमाडौं, २६ चैत

पश्चिमी न्यून चापीय प्रणाली र स्थानीय वायुको प्रभावका कारण विकास भएको वर्षा गराउने प्रणाली अहिले पूर्वी नेपाल केन्द्रित भएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार बुधबार बिहान पश्चिमबाट सक्रिय भएको प्रणाली बुधबार साँझ पूर्व पुगेको अहिले उक्त प्रणाली बाहिरिनेक्रममा रहेको छ । तर पूर्वका विभिन्न ठाउँमा अहिले पनि वर्षा भइरहेको छ । उक्त प्रणाली आज रातिदेखि बाहिरिने र प्रिमनसुनका गतिविधि भने कायम रहने विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । पछिल्लो २४ घण्टामा उक्त प्रणालीका कारण विभिन्न चार जिल्लामा भारी वर्षा गराएको तर वर्षा भने सातै प्रदेशमा भएको छ। सबैभन्दा बढी वर्षा सिन्धुलीमा भएको छ । अहिले साँझ ५ बजेको अभिलेख अनुसार २४ घण्टामा इलाममा ५३.२, झापामा ५४.८, सुनसरीमा झण्डै ४९ र सिन्धुलीमा ५९.४ मिलिमिटर वर्षा भएको छ। अहिले पनि पश्चिम क्षेत्रको रुकुममा र कास्कीमा हल्का वर्षा भइरहेको छ भने बागमतीका केही क्षेत्र तथा कोशी प्रदेशमा बढी वर्षा भइरहेको छ । पश्चिमबाट मध्यसम्म मौसम खुलिसकेको र रातिबाटै विस्तारै मौसम थप खुल्दै जाने तथा केही उच्च पहाडी र हिमाली भेगमा बदली रहने छ । विभागका सूचना अधिकारी दिनकर कायस्थले शुक्रबार कोशी प्रदेशको पहाडी र हिमाली भू-भागमा साधारणतया बादल लाग्ने, बाँकी हिमाली तथा पहाडी भू-भागमा आंशिक बादल लाग्ने र तराईका भू-भागमा मौसम मूख्यतया सफा रहने बताउनुभयो । उहाँका अनुसार कोशी प्रदेशको पहाडी तथा हिमाली भू-भाग तथा बाँकी हिमाली भू-भागका एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना छ। यस्तै लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका थोरै स्थानमा हावाहुरीको सम्भावना रहेको छ।

# बिदाले शैक्षिक क्यालेण्डरमा असर पार्नेमा नेसनल प्याब्सनको चिन्ता

**रासस**
काठमाडौं, २६ चैत

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (नेसनल प्याब्सन)ले सरकारको दुई दिने सार्वजनिक बिदासम्बन्धी निर्णयले विद्यालय तहको शैक्षिक क्यालेण्डरमा दीर्घकालीन असर पार्ने जनाएको छ। नेसनल प्याब्सनका अध्यक्ष गीता राणा क्षेत्री र महासचिव प्रतापबहादुर थापाले आज विज्ञप्ति जारी गर्दै थप बिदाका कारण निर्धारित पाठ्यक्रम तोकिएको समयमा सम्पन्न गर्न चुनौती उत्पन्न गरेको उल्लेख गर्नुभएको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्ले यही चैत २२ गते गरेको निर्णयअनुसार पेट्रोलियम पदार्थको खपत घटाउन र वैदेशिक मुद्रा सञ्चिति जोगाउन हप्तामा शनिबार र आइतबार सार्वजनिक बिदा दिने तथा शैक्षिकसत्र वैशाख १५ गतेदेखि सुरु गर्ने निर्णय गरिएको थियो ।

दैनिक ज्यालादारीमा आश्रित अभिभावकका लागि दुई दिने बिदा व्यवस्थापन गर्न कठिन हुने र यसले सामाजिक तथा आर्थिक असर पार्ने सो संस्थाको दाबी छ।

यी चुनौतीबीच सरकारको निर्णय कार्यान्वयन गर्दै आफ्ना विद्यालयलाई आग्रह गर्दै नेशनल प्याब्सनले नयाँ भर्ना वैशाख २ गतेदेखि र पठनपाठन सञ्चालन गर्न आग्रह गरेको छ । एक शैक्षिकसत्रमा कम्तीमा २२० दिन पठनपाठन कायम हुनुपर्ने शिक्षा नियमावलीमा व्यवस्था छ।

# ‘अनलाइन’बाट मतदाता नाम दर्ता

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ चैत

निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम पुनः सुरु गरिएको छ ।

राष्ट्रिय परिचयपत्रको विवरण प्रयोग गरी अनलाइनबाटै आवेदन दिन सकिने व्यवस्था गरिइएको छ। जिल्ला निर्वाचन कार्यालयका प्रमुख विकास लम्सालले भन्नुभयो, “आवेदन दिनेमध्ये करिब ९० प्रतिशतले राष्ट्रिय परिचयपत्रमार्फत अनलाइनबाटै नाम दर्ता गराएका छन् ।” हालसम्म राष्ट्रिय परिचयपत्रबाट ४१९ जना र कार्यालयमा आई ५५ जना गरी ४६४ जनाले मतदाता नामावलीमा दर्ता गरेका छन् । यसैबीच दुवै निर्वाचन क्षेत्रबाट चुनावी प्रतिस्पर्धामा उत्रिएका सबै उम्मेदवारहरूले आफ्नो निर्वाचन खर्च विवरण बुझाएका छन् । तनहुँ क्षेत्र नम्बर १ का १६ र २ का ११ गरी कूल २७ जना उम्मेदवारले खर्च विवरण बुझाएको हुन् ।

# छात्रवृत्ति प्रदान गर्न एक करोडको अक्षयकोष

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ चैत

बागलुङको धौलागिरि बहुमुखी क्याम्पसमा रु एक करोड बढीको अक्षयकोष स्थापना गरिएको छ । विसं २०७९ मा निर्वाचित स्वतन्त्र विद्यार्थी युनियनका सभापति सुदीप सागर कँडेलको नेतृत्वले छात्रवृत्ति प्रदान रु एक करोड नौ लाख ४१ हजार ६५१ को अक्षयकोष स्थापना गरेको हो ।

विसं २०८० को तिहारमा देउसीभैलोबाट स्ववियु कार्यसमितिले अक्षयकोष निर्माण अभियान चलाएको थियो। अहिले आएर पूरा भएपछि क्याम्पसलाई हस्तान्तरण गरेको छ । विपन्न विद्यार्थीलाई छात्रवृत्ति दिएर पढ्ने वातावरण बनाउनका लागि कोष स्थापना गरिएको निर्वतमान स्ववियु सभापति सुदीप सागर कँडेलले बताउनुभयो ।

यस क्याम्पसमा स्नातक तहमा विज्ञान, बिबीए र बिसीआइटी विषयको अध्यापन गरिन्छ । त्यसबाहेक स्नातकोत्तर तहमा एमबिएस, मानविकीतर्फ समाजशास्त्र, नेपाली, अङ्ग्रेजी तथा शिक्षा सङ्कायमा अध्यापन हुँदै आएको छ । क्याम्पसमा प्राविधिक विषय पढ्न चाहने विपन्न विद्यार्थीलाई यो कोषबाट सहयोग गरिने कँडेलले बताउनुभयो ।

कार्यविधि बनाएर विद्यार्थीको छनोट गरी छात्रवृत्ति दिने क्याम्पस प्रमुख सुदर्शन सिलवालले बताउनुभयो ।

# नेपाल आँखा अस्पतालले २० हजार छात्रछात्राको आँखा परीक्षण गर्दै

**रासस**
काठमाडौं, २६ चैत

त्रिपुरेश्वरस्थित नेपाल आँखा अस्पतालले आगामी तीन महिनामा काठमाडौं महानगरपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत २० हजार छात्रछात्राको आँखा परीक्षण गर्ने भएको छ ।

चालु आर्थिक वर्षभित्रै महानगरपालिकाभित्रका २० सामुदायिक विद्यालयका छात्रछात्राको आँखा परीक्षण गरी निःशुल्क चश्मा र औषधि वितरण गरिने अस्पतालका प्रमुख कार्यकारी अधिकृत धर्मराज गोसाईंले जानकारी दिनुभयो ।

अस्पतालको ५२औँ वार्षिकोत्सवका अवसरमा बिहीबार यहाँ आयोजित कार्यक्रममा काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलले उक्त कार्यक्रमका लागि अस्पताल र महानगरपालिकाबीच सम्झौता भइसकेको बताउनुभयो। उहाँले भन्नुभयो, “देशको आँखा उपचार सेवामा पहुँच विस्तार र गुणस्तरीय सेवा प्रदान गर्दै आएको नेपाल आँखा अस्पतालमार्फत् सामुदायिक विद्यालयका २० हजार छात्रछात्राको आँखा परीक्षणका लागि महानगरपालिकाले सम्झौता गरेको छ।”

आगामी शैक्षिक सत्र सुरु भएसँगै सञ्चालन हुने सो कार्यक्रमका लागि महानगरपालिकाले ३० लाख रुपैयाँ सहयोग उपलब्ध गराउने जनाइएको छ। गत आर्थिक बर्षमा पनि अस्पतालले १० हजार ६६६ जना विद्यार्थीको निशुल्क आँखा परीक्षण गरी चश्मा र औषधि वितरण गरेको थियो ।

उक्त अस्पतालले गत आर्थिक २०८१/८२ मा बहिरङ्ग र आपतकालीन् सेवासहित एक लाख ९३ हजार ७९८ बिरामीको आँखा परीक्षण गरेको थियो। सो आर्थिक वर्षमा आँखा अस्पतालले १० हजार ६७४ जनाको आँखाको शल्यक्रिया गरेको थियो । नेपाल आँखा अस्पतालले आफनो सिमरा, गोकर्णेश्वर, खोकना र भच्याकमा रहेको दृष्टिकेन्द्रमार्फत् स्थानीयलाई आँखा उपचार सेवा प्रदान गर्दै आएको छ। अस्पताल सञ्चालक समितिका अध्यक्ष डा गोपालप्रसाद पोखरेलले पछिल्ला बर्षमा अस्पतालमा बिरामीको सङ्ख्यामा उल्लेखनीय बृद्धि भएको जनाउँदै एकै दिन ८२ वटासम्म शल्यक्रिया गरिएको जानकारी दिनुभयो । अस्पतालले आँखा उपचारमा अन्तर्राष्ट्रिय जगतमा प्रयोग भएका नवीनतम् प्रविधि भित्र्याएको जानकारी उहाँले दिनुभयो। उपकरण व्यवस्थापनमा अस्पतालको खर्च वृद्धि भएपनि बिरामीसँग लिइने शुल्क वृद्धि नगरिएको उहाँको भनाइ छ।

अस्पताल सञ्चालक समितिका सचिव युद्धध्वज सापकोटाले देशले आँखा उपचार सेवामा गरेको लगानीबाट शिक्षा, समानता, गरिबी निवारणलगायतका क्षेत्रमा दिगो विकास लक्ष्य प्राप्तिमा ठूलो योगदान पुग्ने बताउनुभयो ।

कार्यक्रममा नेत्र रोग विशेषज्ञ डा प्रणव श्रेष्ठलाई वर्ष उत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गरियो । त्यस अवसरमा अस्पतालद्वारा प्रकाशित वार्षिक प्रतिवेदन पुस्तिका र क्यालेण्डर विमोचन गरियो । नेपाल आँखा अस्पतालको स्थापना विसं २०३० चैत २६ गते भएको थियो ।

# एक दिवसीय क्रिकेटको खेलतालिका सार्वजनिक

**रासस**
काठमाडौं, २६ चैत

नेपाल ‘ए’ क्रिकेट टोलीले तीन देशसँग खेल्ने एक दिवसीय खेलको खेलतालिका नेपाल नेपाल क्रिकेट सङ्घ (क्यान)ले बिहीबार सार्वजनिक गरेको छ।

विज्ञप्तिमार्फत सार्वजनिक उक्त तालिकाअनुसार नेपालले ओमान, स्कटल्यान्ड र अमेरिकासँग समान दुई-दुई खेल खेल्ने छ । यही अप्रिल २२ देखि आगामी मे ११ तारीखसम्म सञ्चालन हुने उक्त खेल माथिल्लो मुलपानी क्रिकेट मैदानमा हुने जनाइएको छ । क्यानले सार्वजनिक गरेको खेलतालिका अनुसार नेपाल ‘ए’ ले पहिलो खेल ओमानसँग खेल्ने छ । ओमानसँगको दुई खेल अप्रिल २२ र २४ तारिखमा हुनेछ। त्यसैगरी मे ६ र ९ तारिखमा स्कटल्यान्डसँग खेल्ने र मे ७ र ११ मा अमेरिकासँग खेल्ने विज्ञप्तिमा उल्लेख छ।

# सभामुखद्वारा स्थानीय तहले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड

**रासस**
काठमाडौं, २६ चैत

सभामुख डोलप्रसाद अर्यालले स्थानीय तहले जनतालाई सेवा प्रदान गर्ने कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बताउनुभएको छ।

नेपाल नगरपालिका सङ्घको ३३औं स्थापना दिवसको अवसरमा यहाँ आज आयोजित कार्यक्रममा सभामुख अर्यालले अनुभव र असल अभ्यासको आदान-प्रदान गर्दै सामाजिक विकास तथा सुशासनलाई थप प्राथमिकता दिन आग्रह गर्नुभयो । उहाँले सेवाग्राहीलाई उच्च प्राथमिकतामा राखेर काम गर्नुपर्ने उल्लेख गर्दै उनले सेवामा कुनै त्रुटी गर्न नहुने बताउनुभयो।

सभामुख अर्यालले आफ्ना संस्था वा व्यक्तिगत हितभन्दा सेवाग्राहीको सन्तुष्टिलाई ध्यान दिनुपर्ने धारणा व्यक्त गर्दै जनताको मुहारमा खुसी ल्याउने र सरकारले जनताका लागि काम गरिरहेको अनुभूति दिलाउन स्थानीय तहले सक्रिय भूमिका खेल्नुपर्ने बताउनुभयो।

स्थानीय तहलाई सुदृढ बनाउन तथा बजेटलगायत विषयमा सबै तहका सरकारबीच समन्वय आवश्यक रहेको उल्लेख गर्दै उहाँले त्यसका लागि आफू प्रतिबद्ध रहेको बताउनुभयो।

# थातथलो सजाउँदै, पर्यटक लोभ्याउँदै

वासुदेव पौडेल
पोखरा, २६ चैत/रासस

बाबुबाजेकै पालाका घर तथा वस्तीहरू चिटिक्क सजाएझैँ देखिन्छन् । तनहुँको भानु नगरपालिका-९ चितीखोलामा पुराना शैलीका घरहरूसँगै चोक तथा बाटाहरू सफासुग्घर छन् । घर वरपर करेसाबारीमा लगाइएको तरकारीसँगै त्यहाँको हरियाली तथा फलफूलहरूका कारण सौन्दर्यता अझै थपिएको छ । प्राचीनकालमा बौद्धिक चेतना भएका व्यक्तिहरूको बसोबास भएकै कारण गाउँको नाम नै चिती खोला भएको बुढापाकाको तर्क छ ।

प्राकृतिक रुपमा सुन्दर यस गाउँमा पर्यटकलाई लक्षित गरी घरवास सञ्चालनमा ल्याइएको छ । ग्रिनहिल भिलेज सामुदायिक होमस्टे परिवारका रुपमा यहाँका २१ वटा घर समेटिएका छन् । स्थानीय संस्कार संस्कृतिको जगेर्नासँगै आफ्नो थातथलोको संरक्षणको उद्देश्यका साथ यहाँका स्थानीयले २०७६ सालदेखि घरवास सञ्चालनमा ल्याएको ग्रिनहिल भिलेज सामुदायिक होमस्टे परिवारका पूर्व अध्यक्ष कल्पना सारु मगरले जानकारी दिनुभयो । यहाँको घरवासका लागि स्थानीयको जागरुकता त छँदैछ राज्यको पनि लगानी परेको छ । सुरुमा घरवासका लागि गण्डकी प्रदेश सरकारबाट रु १० लाख बजेट विनियोजन भएकामा त्यसपछि विभिन्न चरणमा गरी थप सहयोग पनि प्राप्त भएको उहाँले जानकारी दिनुभयो । मगर जातिको बाहुल्यता रहेको यस ठाउँमा मगर, दूरा, तामाङ, बाहुनहरूको बाहुल्यता रहेको छ । यहाँका घरवासमा घरहरू अनुसार शुद्ध शाकाहारीदेखि मांसाहारी सबैका लागि बस्न पाउने व्यवस्था समेत रहेको छ ।

घरवासमा आउने पर्यटकका लागि एक हजार २५० रुपैयाँको प्याकेज निर्धारण गरिएको छ । उक्त प्याकेजमा बेलुका लोकल कुखुराको मासुसहितको खाना, बिहान कोदोको सेल, तरकारीसहितको खाजा रहेको उहाँले जानकारी दिनुभयो । चिती खोलामा ठूलै लगानी खर्चिएर ग्रीन हिमालय फार्म स्टे पनि सञ्चालन गरिएको छ । आफ्नो थातथलोमा नै केही गर्नुपर्छ भन्ने उद्देश्यका साथ यहाँको पाण्डे परिवारले विगत चार वर्षयता फार्म स्टे सञ्चालनमा ल्याएको हो । उहाँहरूले कुल ७० रोपनी क्षेत्रफल मध्ये १० रोपनी क्षेत्रमा फार्म स्टे तथा ६० रोपनी क्षेत्रमा फार्म क्षेत्र सञ्चालन गरिहनुभएको छ । यहाँ आउने पर्यटकलाई फार्ममा नै उत्पादन भएको तरकारी तथा यामअनुसारका फलफूल खुवाउने गरिएको फार्म स्टेका सञ्चालक गीता अधिकारी पाण्डेले जानकारी दिनुभयो । "हामी सुरुमा बजारबाट गाउँमा फर्कदा भने व्यावसायिक सोचका साथ आएका थिएनौँ", उहाँले भन्नुभयो, "उत्पादनको बजारीकरण र उपयोग पनि यहीँ नै होस् भन्ने उद्देश्यसँगै यो फार्म स्टे सञ्चालनमा ल्याएका हौँ ।"

फार्म स्टेमा हाल छ जनाले नियमित रोजगारी पाएका छन् भने आवश्यकता अनुसार अन्य सात आठ जनासम्मले थप रोजगारी पाएको उहाँले जानकारी दिनुभयो । फार्म स्टेमा पुरानो कलात्मक घरलाई साजसज्जा गरेर चिटिक्क सजाइएको छ । परम्परागत ग्रामीण परिवेशको झल्को दिने किसिमका संरचनाहरू निर्माण गरिएका छन् । लिचीको बोटले ढकमक्क ढाकिएको ट्रि हाउस, परम्परागत घुमाउने घर (ढिकी जाँतो, हलो जुवा जस्ता परम्परागत सामग्री राखिएको) आदिका कारण यहाँ आउने पर्यटकहरू रमाउने गरेका छन् । माटाको गारो, माटाले नै पोतेर सजाइएका घरका कारण पर्यटकले ग्रामीण संस्कृति तथा परिवेशको छुट्टै अनुभूति गर्ने गरेका छन् । लगानी, पूर्वाधार, सेवा सुविधा समेतका कारण फार्म स्टेको बसाई होमस्टे भन्दा अलि खर्चिलो छ । फर्म स्टेमा आएका पर्यटकलाई त्यहाँ पुग्नासाथ मोही, मकै, चिया सहितको खाजा खुवाउने गरिएको छ भने बेलुका लोकल कुखुराको मासुसहित खाना खुवाइन्छ । भोलिपल्ट बिहान अण्डा, तरकारी, कोदो फापरको रोटी आदिको नास्ता खाने व्यवस्था मिलाइएको छ । फार्म स्टेमा बस्नका लागि प्रतिव्यक्ति दुई हजार पाँच सय रुपैयाँ र दुई जना संयुक्त रुपमा आएमा चार हजार पाँच सय रुपैयाँ निर्धारण गरिएको छ । ठूलै समूहमा आएका अवस्थामा उक्त दररेटमा केही सहुलियतको व्यवस्था छ । फार्म स्टेमा दैनिक ३० जनालाई सहजै रुपमा बस्न सकिने व्यवस्था मिलाइएको पाण्डेले जानकारी दिनुभयो । थातथलोको संरक्षणसँगै यसको पर्यटकीय उपयोगका साथै कृषि पर्यटनका कारण पनि यो ठाउँ राम्रै गन्तव्य बन्न सक्ने देखिएको छ । कृषिप्रतिको बढ्दो अनिच्छासँगै जग्गाहरू बाँझिदै गएका अवस्थामा यहाँका अगुवा कृषक वासुराज कडरियाले गर्नुभएको एकिकृत कृषि फार्मबाट पनि यहाँ आउने पर्यटकले धेरै जान्न, बुझ्न र अनुभव गर्न पाउँछन् । कडरिया एकिकृत कृषि फार्मका रुपमा कुल २७ रोपनी क्षेत्रफलमा फैलिएको उहाँको फार्ममा एकै स्थानमा कृषिका विविधतासँगै सम्भावनालाई प्रत्यक्ष अवलोकन गर्न पाइन्छ ।

शिक्षण पेशामा लामो समय बिताउनुभएका कडरियाले आफू पेशामा रहँदैदेखि सुरु गरेको कृषिकर्मलाई सेवानिवृत्त जीवनमा अझै सकृयताका साथ व्यवस्थित गराउँदै लैजानुभएको हो । उहाँको फार्ममा पशुपालन, कुखुरापालन, तरकारी तथा फलफूल खेतीहरू एकै साथ गरिदै आइएको छ । सुरुमा चार सय बोट सुन्तला र एक हजार छ सय बोट कफीबाट सुरु गरिएको व्यावसायिक कृषिले उहाँलाई अन्ततः सफल कृषि व्यवसायी बनाएको हो । सुरुका वर्षहरूमा सुन्तला राम्रै उत्पादन भए पनि २०५२/५३ सालदेखि सुन्तलामा रोग लाग्न थालेपछि त्यसको विकल्पमा केरा, अदुवा खेती आदि गर्न थाल्नुभएको छ । उहाँको फार्ममा २५० बोट मेवा रहेका छन् भने ताइबान अम्बा एक सय बोट लगाइएको छ । फार्ममा परीक्षणका लागि ९० बोट बोधिचित्त पनि लगाइएको छ । फार्ममा नासपति, आरु, लिची, कटहर, भूइँकटहर, आरु, कागती, किबीलगायत विभिन्न ५० प्रजातिका फलफूल लगाइएको उहाँले जानकारी दिनुभयो । त्यस्तै मौरीपालनदेखि पशुपालनसम्मका विविध कृषिका प्रयोग जान्न बुझ्न चाहनेका लागि यो राम्रै पाठशाला बनिरहेको छ । पछिल्लो समयमा एकिकृत कृषिका विविधताको अवलोकनका लागि ठाउँठाउँबाट हेर्न र बुझ्न आउने क्रम पनि बढिरहेको छ । चिती खोला आउने पर्यटकले उक्त फार्ममा उत्पादित ताजा फलफूल तथा तरकारी किनेर लैजान समेत सक्छन् ।

बाँझो जग्गाको उपयोगका साथै त्यसलाई पर्यटकीय रुपमा उपयोग गर्न यहाँका स्थानीयले गाउँमा नक्षत्र बाटिकाका नाममा रमणीय पार्क पनि बनाएका छन् । यहाँको करिब पाँच रोपनी क्षेत्रफलमा चियाका बोटसँगै २७ वटै नक्षत्रका बोटहरू लगाइएको छ । प्रत्येक नक्षत्र बृक्षको फेदमा नक्षत्रमा पर्ने नामहरू समेत उल्लेख गरेर सानो परिचयात्मक बोर्ड राखिएको छ । आफ्नो नक्षत्र पर्नेहरू उक्त बोर्ड देखिने गरी तस्वीर खिच्ने गरेका छन् ।

बागेश्वरी सामुदायिक बन उपभोक्ता समिति अन्तर्गत रहेको बाटिकामा रहेको चिया बगानले इलामकै झल्को दिने गरेको छ । यहाँ लगाइका चियाका बोटले यस क्षेत्रमा चिया खेतीको समेत सम्भावना छ भन्ने कुरालाई उजागर गरेको स्थानीयवासी एवम् पोखरा महानगरपालिका कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले बताउनुभयो । बाटिका परिसरमा पाचीन शिव मन्दिर, पुराना बन काफलका बोटलाई पनि संरक्षण गरेर राखिएको छ । पर्यटकलाई लक्षित गरी स्थानीयले गाउँ माथिको जङ्गलमा पदमार्ग पनि बनाएका छन् । जङ्गलमा पदयात्रा गर्दा सफारीकै झल्को आउने स्थानीयले बताए । करिब डेढ घण्टा जङ्गल सफारी हुँदै चन्दनी डाँडासम्म पुग्न सकिन्छ । त्यहाँस्थित चन्दनी डाँडा हुँदै कोट पुगिन्छ ।

नेपालका बाइसे चौबिसे राजाको पालाको कोटका रुपमा रहेको यो स्थानसँगै यसैको तल रहेको ठूलो पहरोलाई 'रक क्लाइम्बिङ'को गन्तव्यका रुपमा विकास गर्न सक्ने देखिएको छ । गाउँको सिरानमा रहेको कोटका साथै धार्मिक रुपले प्रसिद्ध थानीमाई मन्दिर पनि यही बाटो भएर जाने भएकोले यस ठाउँलाई धार्मिक पर्यटनसँग पनि जोड्न सकिने देखिएको छ । यहाँबाट सवारी साधन हुँदै एक घण्टामा थानी माई मन्दिर पुग्न सकिन्छ । गाउँ नजिकै रहेको चन्द्रेखोला झरनालाई पनि स्थानीयले पर्यटकीय रुपमा उपयोग गर्ने योजना बनाएका छन् । पृथ्वी राजमार्गको डुम्रेबाट अर्चलधारा हुँदै कुल २१ किलोमिटर दूरीमा रहेको यो ठाउँ मध्यपहाडी लोकमार्गअन्तर्गत पाउँदीबाट तीन किलोमिटर दूरीमा रहेको छ । पछिल्ला समयमा विभिन्न स्थानबाट समूहगत रुपमा पर्यटकहरू यहाँ पुग्ने गरेका छन् । हालै इम्ब्रोइडरी एण्ड गार्मेन्ट्स एशोसिएसन (एगा) पोखरामा आवद्ध पर्यटन व्यवसायीहरूले उक्त क्षेत्रको प्रवर्द्धनात्मक भ्रमण गरेका छन् । भ्रमणका क्रममा पर्यटकीय रुपमा चितीखोला धेरै सम्भावनायुक्त स्थल भएको आफूहरूले पाएको एगा पोखराका अध्यक्ष गोकर्ण लम्सालले बताउनुभयो । "परम्परागत थातथलोलाई संरक्षण गर्दै त्यसको पर्यटकीय उपयोग गर्ने विषय धेरै राम्रो लाग्यो", उहाँले भन्नुभयो, "हामीले हाम्रा प्रकृति र संस्कृतिसँगै त्यहाँका हरेक सम्भावनालाई पर्यटकीय रुपमा उपयोग गर्न सकिन्छ ।" कृषिजन्य उत्पादनलाई पनि पर्यटनसँग जोड्न सकिने विषय यहाँस्थित फार्म स्टे, एकिकृत कृषिफर्म, नक्षत्रबाटिका आदिबाट पनि सिक्न सकिने बताउँदै उहाँले यो सिकाई अन्य स्थानका लागि पनि प्रेरणाको स्रोत बन्ने बताउनुभयो । प्रकृति र संस्कृतिको अधिकतम् उपयोग गर्दै गाउँ पर्यटनलाई अघि बढाउन सकिने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने बताउनुहुन्छ । गाउँ पर्यटनको विकाससँगै त्यहाँका कृषिजन्य उत्पादन पनि प्रत्यक्ष रुपमा पर्यटनसँग जोडिने उहाँको भनाइ छ ।

# पचपन्न लाखमा खेलमैदान निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, २६ चैत

मालिका गाउँपालिका-६ डाँडागाउँमा पाखो सम्माएर हिमाली युवा क्लवको सामुदायिक भवन र खेलमैदान निर्माण भएको छ ।

रु ५५ लाख ६५ हजार ५५५ को लागतमा भवन र खेलमैदान निर्माण भएको हो । सरकारी निकायको अनुदानको तुलनामा दोब्बर बढी समुदायस्तरबाट सहयोग र श्रमदान जुटाएर खेलमैदान र भवन निर्माण गरिएको क्लबका अध्यक्ष टुकमान जुग्जालीले जानकारी दिनुभयो ।

"खेलमैदान र भवन निर्माण भएको ठाउँ यसअघि भिरालो पाखा थियो", उहाँले भन्नुभयो, "डोजर लगाएर करिब ६० मिटर जमिन खारेर डिलमा पर्खाल बनाएर सम्माइएको हो ।" ६३ मिटर लम्बाइ र ३२ मिटर चौडाइ भएको खेलमैदान निर्माण भएको हो । खेलमैदानको परिसरमा दुई कोठे भवन, 'स्टेज' र सार्वजनिक शौचालयसहितको भवन निर्माण भएको छ । डाँडागाउँमा यसअघि खेलमैदान नहुँदा खेलअभ्यास र प्रतियोगिता सञ्चालन गर्न समस्या भएको थियो । सामुदायिक भवनमा भेला, बैठक, तालिम, गोष्ठी, सभा, समारोह र भोजभतेर सञ्चालन गर्न सहज भएको छ । क्लबले १५ वर्षअघि सुरु गरेको खेलमैदान निर्माण कार्यले अहिले पूर्णता पाएको हो ।




मालिका गाउँपालिकाबाट रु १७ लाख र गण्डकी प्रदेश सरकारबाट रु १२ लाख सहयोग प्राप्त भएको खेलमैदान र भवन निर्माणका लागि हिमाली युवा क्लबले रु चार लाख ७६ हजार बराबरको श्रमदान र फुलपाती आमा समूहले रु तीन लाख नगद सहयोग गरेका छन् ।

सुवास गर्बुजा, सविन पुन, रविन पुन, डाइमण्ड जुग्जाली, अमृत जुग्जाली, इन्द्र पुन, चक्रबहादुर पाइजा, सुरज जुग्जाली, चित्र पाईजा, गमबहादुर जुग्जाली, मन्दीप/सन्दीप/रघु जुग्जाली र लकमन पुनले रु एक/एक लाख सहयोग गर्नुभएको क्लवबा सचिव रोहन जुग्जालीले जानकारी दिनुभयो ।

रत्नसिंह गर्बुजाले रु ५५ हजार ५५५, माइकल पाईजा, सुर्ज/रेशम जुग्जाली, तिर्थमान/सज्जन जुग्जाली, नारायण जुग्जाली, रुविन जुग्जाली, जीवन पुनले रु ५०/५० हजार, कर्ण जुग्जालीले रु ३१ हजार, प्रवीन रानाले ३१ हजार, खिमबहादुर जुग्जालीले रु १७ हजार र रमेश पाईजाले रु पाँच हजार सहयोग गर्नुभएको क्लबले जनाएको छ ।

खेलमैदानको गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली र भवनको मालिका गाउँपालिकाका उपाध्यक्ष लक्ष्मीदेवी घर्ती पुनले बुधबार उद्घाटन गर्नुभयो । कार्यक्रममा सांसद जुग्जालीले ग्रामीण क्षेत्रमा पूर्वाधार विकासले तीव्रता पाए पनि जनसङ्ख्या घट्नु र बसाइँसराइ बढ्नु चुनौती बनेकोमा चिन्ता व्यक्त गर्दै पर्यटन र कृषिमा आधारित उद्यम, व्यवसायमा लाग्न सुझाव दिनुभयो । भवन र खेलमैदान उद्घाटनका साथै नयाँ वर्षको अवसरमा क्लबका संस्थापक कासिराम जुग्जाली स्मृति प्रथम कप आयोजना गरिएको छ । भलिबल, फुटसललगायतका प्रतियोगिता सञ्चालन हुने क्लबले जनाएको छ । शुभारम्भ कार्यक्रममा सहयोगदातालाई सम्मान गरिएको थियो ।

# चार किमी सडक कालोपत्र गर्न पाँच वर्ष

पोखरापत्र संवाददाता
बागलुङ, २६ चैत

लामो समयदेखि जीर्ण बनेको काठेखोला गाउँपालिकाको केन्द्रदेखि रेश जाने सडक कालोपत्र गरिएको छ ।

दुई वर्षमा सक्नुपर्ने सडक पाँच वर्ष बित्दा बल्ल कालोपत्र भएको हो । उक्त सडक गाउँपालिकाकै पहिलो लामो कालोपत्र सडक भएको छ । बागलुङको काठेखोला गाउँपालिका-७ रेश जाने चार किमि सडक दुई वर्षमा कालोपत्र सक्नेगरी सम्झौता गरिएकामा पाँच वर्ष बित्दा बल्ल कालोपत्र भएको हो । कालोपत्र भएपछि रेश जाने यात्रुलाई सहज हुन थालेको छ । सङ्घीय सरकार र काठेखोला गाउँपालिकाको साझेदारीमा निर्माण थालिएको सडक समयमै काम नहुँदा गाउँपालिकाको लागतमा कालोपत्र भएको हो । उक्त सडक गाउँपालिकाका सबैभन्दा बढी लागतमा कालोपत्र भएको काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिनुभयो । २०७७ जेठमा दुई वर्षमा कालोपत्र सक्नेगरी निर्माण कम्पनीसँग रु छ करोड ७१ लाखमा चार किमी सडक कालोपत्र र ढलान गर्ने सम्झौता गरिएको सडक समयमै काम नहुँदा छ पटक म्याद थपिएको थियो । निर्माण व्यवसायीले अहिले सडक धमाधम कालोपत्र गरिरहेको बताउँदै गाउँपालिका अध्यक्ष राजु थापाले पालिकाले अपनत्व लिँदा सडक कालोपत्र भएको बताउनुभयो । सङ्घीय सरकारले साझेदारी गरेर ठेक्कामा गए पनि समयमै काम नहुँदा गाउँपालिकाले चार करोड लगानी गरेर सडक सम्पन्न गर्न थालेको बताउनुभयो ।

बर्खामा हिलो र हिउँदमा धुलाम्मे सडकले रेशका जनतालाई आजित बनाएको थियो । सडक कालोपत्र भएपछि १५ मिनेटमै गाउँपालिकाको केन्द्रबाट रेश पुग्न सकिने भएको छ ।

# साताको दुई दिन बिदा निरन्तर गर्न पर्यटन व्यवसायीको आग्रह

पोखरापत्र संवाददाता
चितवन, २६ चैत

साताको दुई दिन बिदा हुँदा आन्तरिक पर्यटन प्रवरद्धन हुने अपेक्षा गरिएको छ ।

सरकारले यसअघि छोटो समयका लागि गरेको दुई दिन बिदाले पर्यटकीय क्षेत्रमा केही सुधार देखिएको थियो । सरकारले इन्धन खपत घटाउन शनिबार र आइतबार बिदा दिएको छ । इन्धनको खपत घटाउने भएकाले यो बिदामा पर्यटकको आगमन धेरै नबढे पनि यसलाई निरन्तरता दिन सकिएमा पर्यटकीय क्षेत्र पूर्ववत् अवस्थामा फर्कने व्यवसायीहरू बताउनछन् । दुई दिन बिदा हुँदा कम्तीमा एक रात र दुई दिनको छोटो प्याकेज लिएर आन्तरिक पर्यटक हिँड्न पाउने छन् । क्षेत्रीय होटल सङ्घ चितवनका निवर्तमान अध्यक्ष दीपक भट्टराई इन्धन खपत घटाउन खोजिएकाले अहिले ठूलो प्रभाव नभए पनि यसलाई निरन्तरता दिन सकिएमा पर्यटकीय क्षेत्रमा राम्रो प्रभाव पर्ने बताउनुहुन्छ । उहाँले भन्नुभयो, "साताको दुई दिन बिदालाई दीर्घकालीन बनाउन सरकारसँग हामीले आग्रह गर्दै आएका हौँ ।" आफू सङ्घको अध्यक्ष हुँदा यस विषयमा धेरै पहलकदमी भएको जनाउँदै उहाँले अहिलेको सरकारले यसलाई निरन्तरता दिन्छ भन्नेमा आशावादी रहेको पनि बताउनुभयो । सङ्घका उपाध्यक्ष गुणराज थपलिया विश्वबजार आइतबार पनि बन्द हुने भन्दै उहाँले यसलाई निरन्तरता दिन माग गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "सातामा दुई दिन बिदा गर्दा सरकारी व्ययभार घट्ने छ ।

यो विश्वभरिनै हुने गर्दछ ।" झण्डै दुई तिहाइको सरकार भएका कारण राजनीतिक स्थायित्व हुनेमा आशावादी भएका व्यवसायीहरू अबको दिन पर्यटकीय हिसाबले राम्रो हुनेमा विश्वस्थ छन् । होटल भिष्टा चितवनका सञ्चालक समेश सिलवाल सातामा दुई दिन बिदाले निरन्तरता पाउनेमा ढुक्क हुनुहुन्छ । उहाँले भन्नुभयो, "आन्तरिक पर्यटक वढ्नेमा हामी ढुक्क छौँ ।"

शुक्रबार र शनिबार अहिले पनि आन्तरिक पर्यटकको आगमन बढी हुने गरेको भन्दै उहाँले अब आइतबार पनि पर्यटकको सङ्ख्या बढ्ने बताउनुभयो ।

वनवास रिसोट चितवनका महाप्रबन्धक प्रकाश न्यौपाने तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले सातामा दुई दिन बिदा दिन सुरु गरिएको भए पनि निरन्तरता दिन नसकिएको बताउनुभयो । पछि तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई हुँदा केही दिन बिदा दिइएको जनाउँदै उहाँले यसलाई निरन्तरता दिन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "दुई दिन बिदा दिँदा आन्तरिक पर्यटन व्यवसाय चलायनमान हुन्छ । राज्यको भार घट्छ ।" यसलाई निरन्तरता दिइनेमा आफू विश्वस्त भएको पनि उहाँले बताउनुभयो । जिल्लाको सौराहा, पटिहानी, मेघौली, भरतपुरलगायतका क्षेत्रमा आन्तरिक र बाह्य पर्यटकहरू आउने गर्दछन् । दुई दिन बिदा हुँदा देशका विभिन्न जिल्लाबाट आन्तरिक पर्यटकहरू घुम्न आउन सहज हुन्छ ।

**Government of Nepal**
**Ministry of Land Management, Cooperatives and Poverty Alleviation**
**Department of Land Management and Archive**
**Malpot Office Kaski**
**Pokhara**

**Invitation for Bids**

**Date of Publication: 2082/12/27 BS**

1. The Department of Land Management and Archive, Malpot Office Kaski invites electronic sealed quotation bids from Nepalese eligible bidders for the various works.

| S.N | Contract No/ Bid No | Description of Works | Bid Security (NRs) | Bid Price (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1. | LRO/KASKI/ SQ/WORKS/ 082/83/S01 | Construction of Truss Building in District Land Revenue Office at Pokhara-7, Kaski | 50,000.00 | 1,000.00 | |

2. Bid Submission date: 2083.01.11 till 12:00 Hrs, Bid Opening Date: 2083.01.11 at 13:00 Hrs.
3. For all other details, please refer to the complete set of bidding documents at Malpot Office Kaski, Telephone: +977-061-454551, and email address:- kaski@dolma.gov.np or through website www.bolpatra.gov.np/egp

**Office Chief**